महालक्ष्मी विकास बैंक लि.

Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

च.नं. ४०५/०७८/०७९ मिति २०७८/११/०६

श्री नेपाल स्टक एक्सचेञ्ज लि,
रामशाहपथ, काठमाडौं ।

बिषयः- स्थगित २० औं बार्षिक साधारण सभा पुनः बस्ने सम्वन्धमा ।

महाशय,

यस महालक्ष्मी विकास बैंक लि.को २० औं बार्षिक साधारण सभा यही मिति २०७८/०९/२५ गते आइतवारका दिन विहान ११:०० बजे आर्मी अफिसर्स क्लव, भद्रकालीमा हुने गरी तोकि मिति २०७८/०९/०४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रीकामा र मिति २०७८/०९/०९ को कारोवार राष्ट्रिय दैनीक पत्रीकामा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएकोमा उक्त दिन बैंकको बार्षिक साधारण सभा बस्न कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस बैंकको नियमावलीको नियम (५) (१) अनुसारको गणपूरक संख्या पुग्न नसकी सभा स्थगित हुन गएकोमा उक्त स्थगित हुन गएको बिसौ बार्षिक साधारण सभा मिति २०७८/१०/०३ गते विहान १० बजे बैंकको केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाडौंमा अनलाईल (Virtual / Video Conference) को माध्यमबाट बस्ने भनी यस बैंकको सञ्चालक समितिको मिति २०७८/०९/२५ गते बसेको सञ्चालक समितिको ५१२ औं वैठकबाट निर्णय भए बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८/०९/२६ को अन्नपूर्ण पोष्ट् राष्ट्रिय दैनिक पत्रीकामा सूचना प्रकाशित गरी जानकारी गराईएको थियो ।

उपरोक्त सूचना बमोजिम मिति २०७८/१०/०३ को लागि पुनः बोलाईएको बिसौं बार्षिक साधारण सभाका सम्वन्धमा यस बैंकका शेयरधनी महानुभावहरुले मिति २०७८/०९/२९ मा महालक्ष्मी विकास बैंक लि. समेतका विरुद्ध श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषण (०७८-WO-०६७५) को रिट निवेदनमा उक्त अदालतवाट "यसमा निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा विचार गर्दा, यीनै निवेदकले यीनै विपक्षीहरु उपर यस अदालतमा दायर गरेको ०७८-WO-०६४६ नं. को निवेदनको रोहबाट निवेदनमा उल्लेखित महालक्ष्मी विकास बैंकको बार्षिक साधारण सभा र निर्वाचन सम्वन्धी बिषयमा अन्तरिम छलफल गर्नको लागि मिति २०७८/१०/०३ लाई पेशी तोकिएको स्थितिमा बैंकको वार्षिक साधारण सभा र सञ्चालक समितिको निर्वाचन कार्यक्रम अन्तरसम्वन्धित भएको हुंदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट उक्त ०७८-WO-०६४६ को रिट निवेदनको अन्तरिम आदेश सम्वन्धी छलफलको टुङ्गो नलागेसम्मको लागि विपक्षी महालक्ष्मी विकास बैंक लि.को स्थगित भई पुनः मिति २०७८/१०/०३ मा गर्ने भनिएको साधारण सभा नगर्नु नगराउनु भनि उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी दिएको छ" भनी सो आदेश सहितको म्याद बैंकलाई मिति २०७८/१०/०२ गते प्राप्त हुन आएकोले यस बैंकको मिति २०७८/१०/०२ गते सांझ ५:०० बजे बसेको सञ्चालक समितिको आकस्मिक बैठकबाट सम्मानीत अदालतको आदेशानुसार मिति २०७८/१०/०३ गतेको लागि पुनः बोलाईएको बिसौं बार्षिक साधारण सभा अदालतको अर्को आदेश नभएसम्मको लागि स्थगित गर्ने निर्णय भएकोले सोही व्यहोरा उल्लेख गरी मिति २०७८/१०/०३ को अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

Head Office: 2nd Floor, Annapurna Arcade II, Durbar Marg, Kathmandu, Nepal, P.O.Box 12711

# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

मिति २०७८/१०/०३ मा श्री उच्च अदालत पाटनमा अन्तरिम आदेश छलफल हुंदा उक्त अदालतबाट "मिति २०७८/०९/२३ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन" भनि आदेश भएको र हाल कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोनको बढ्दो अवस्था, बैंकका उच्च व्यवस्थापनका कर्मचारीमा भई रहेको संक्रमणको प्रभाव एवं सभा सम्मेलन, भेला आदीमा रोक लगाउने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतले जारी गरेको बिभिन्न मितिको सूचनाको कारणबाट तत्काल साधारण सभा बोलाउन कठिन भएकोमा हाल सक्रमणको दर घट्दै गएको र जिल्ला प्रशासन कार्यालयबाट समेत स्वास्थ्य माददण्डको पालना गर्दै भिडभाड नहुने गरी नियमित कार्य गर्न रोक नलगाएकोले यस संस्थाको स्थगित भएको बिसौं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भनि संस्थाको सञ्चालक समितिको मिति २०७८/११/०५ को बैठकवाट निर्णय भए बमोजिम मिति २०७८/११/०६ गतेको अन्नपूर्ण पोष्ट पत्रीकामा सूचना प्रकाशित भएकोले सो दिन तहां कार्यालयबाट प्रतिनिधि खटाई पठाई दिनु हुन अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मितिः- २०७८/११/१३ गते शुक्रवार (तदनुसार फेब्रुअरी २५ ,२०२२)**

**समयः- बिहान-११ बजे,**

**स्थानः नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।**

वोधार्थः

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर :- उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(ख) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं :- उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाडौं : उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(घ) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं :- उक्त बार्षिक साधारण सभामा तहांबाट गर्नु पर्ने कार्यको लागि आवश्यक तयारी गर्नु गराउनु हुन अनुरोध गर्दछौं ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

२०७८/११/१६, अन्नपूर्ण पोष्ट

# महालक्ष्मी विकास बैंक लिमिटेडको स्थगित हुन गएको बीसौं बार्षिक साधारण सभा पुन: बस्ने बारेको सूचना

यस महालक्ष्मी विकास बैंक लिमिटेडको बीसौं बार्षिक साधारण सभा मिति २०७८/९/२५ गते बिहान ११.०० बजे बस्ने गरी बोलाईएको र उक्त सभाको सामान्य प्रस्ताव अन्तर्गतको प्रस्ताव नं.६ मा संस्थापक समूह (क) र सर्वसाधारण समूह (ख) को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचन गर्ने विषयसूचि रहेकोमा सञ्चालक पदको निर्वाचनको बिषयको सम्बन्धमा विकास बैंकका शेयरधनीहरु श्री गिरीराज पोखरेल र श्री प्रमोद श्रेष्ठको श्री उच्च अदालत पाटनमा रिट निवेदन (रिट नं.०७८-WO-०६४६) परी सम्मानीत अदालतबाट मिति २०७८/९/२३ गते विपक्षीहरुका नाउँमा १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेशको अलावा "यसमा निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विपक्षी समेतको कुरा सुनी निर्णय लिन न्यायोचित हुने देखिदा मिति २०७८/१०/३ गते छलफल पेशी तोकि सो अवधिसम्म निर्वाचन कार्यक्रमको बाँकी काम कारवाही नगर्नु भनी मिति २०७८/१०/३ सम्मको लागि विपक्षीहरुको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालिन अन्तरिम आदेश गरिएको छ" भनी सो आदेश सहितको म्याद मिति २०७८/९/२३ गते विकास बैंकलाई प्राप्त हुन आएकोले उक्त म्याद प्राप्त भए पछि बैंक सञ्चालक समितिको मिति २०७८/९/२३ गते बसेको आकस्मीक बैठकले सम्मानीत अदालतको आदेशानुसार मिति २०७८/९/२५ गतेको बीसौं साधारण सभाका लागि प्रस्ताव गरिएको सञ्चालक पदको निर्वाचन सम्बन्धी बाँकी कार्यक्रम स्थगित गरिएको र २०७८/९/२५ गतेको बीसौं साधारण सभाका लागि प्रस्ताव गरिएका बाँकी सामान्य प्रस्तावहरु र बिशेष प्रस्तावहरु यथावत सञ्चालन हुने भन्ने ब्यहोराको सूचना मिति २०७८/९/२४ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित गरीएको थियो ।

मिति २०७८/९/२५ गतेको बीसौं साधारण सभा प्रारम्भ गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ तथा यस बैंकको नियमावलीको नियम ५ (१) अनुसारको गणपुरक संख्या नपुगेको कारणबाट सभाको काम कारवाही स्थगित भएकोमा स्थगित हुन गएको बीसौं साधारण सभा पुन: सञ्चालन गर्न कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रतिबन्धात्मक वाक्यांस र बैंकको नियमावलीको नियम ४ को (५) को ब्यवस्था बमोजिम सञ्चालक समितिको मिति २०७८/९/२५ का दिन बसेको आकस्मीक बैठकले निर्णय गरे बमोजिम २०७८ साल माघ ३ गते बस्ने गरी मिति २०७८/९/२६ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिकमा सार्बजनिक सूचना प्रकाशित गरिएको थियो ।

यसै बिच विकास बैंकका शेयरधनीहरु श्री गिरीराज पोखरेल र श्री प्रमोद श्रेष्ठले पुन : साधारण सभा समेत रोकी पाउ भनी श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषण (०७८-WO-०६७५) को रिट निवेदनमा रिट नं.०७८-WO-०६४६ निबेदनको अन्तरीम आदेशको टुंगो नलागेसम्म २०७८ साल माघ ३ गते गर्ने भनीएको साधारण सभा नगर्नु नगराउनु भनि मिति २०७८/१०/२ मा आदेश भएको र सो आदेश सहितको सूचना म्याद मिति २०७८/१०/२ गते नै यस विकास बैंकमा प्राप्त भएकोले सोही दिन बसेको सञ्चालक समितिको निर्णय अनुसार मिति २०७८ साल माघ ३ गतेको बीसौं वार्षिक साधारण सभा स्थगित गरिएको थियो ।

श्री उच्च अदालत पाटनबाट रिट नं.०७८-WO-०६४६ को निबेदनमा मिति २०७८/१०/३ मा अन्तरीम आदेश उपर छलफल हुँदा निवेदनमा उठाईएको बिषयबस्तुका सम्बन्धमा निवेदनको टुङ्गो लाग्दाको अवस्थामा समग्र रुपमा विवेचना भई ठहरे बमोजिम हुने नै देखिएकोले निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी हुने अवस्थाको विद्यमानता नहुँदा यस अदालतबाट मिति २०७८/९/२३ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन भन्ने आदेश भई सञ्चालक पदको निर्वाचन लगायत बीसौं बार्षिक साधारण सभाका लागि प्रस्ताव गरीएका सामान्य तथा बिशेष प्रस्तावको बिषयसूचिहरु उपर छलफल तथा निर्णय गर्न सकिने अवस्था भएको र हाल कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोनको बढ्दो अवस्था, बैंकका कर्मचारीहरुमा भईरहेको संक्रमणको प्रभाव एवं सभा सम्मेलन, भेला आदीमा रोक लगाउने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतले जारी गरेको बिभिन्न मितिको सूचनाको कारणबाट तत्काल साधारण सभा बोलाउन कठिन भएकोमा हाल सक्रमणको दर घट्दै गएको र जिल्ला प्रशासन कार्यालयबाट समेत स्वास्थ्य माददण्डको पालना गर्दै भिडभाड नहुने गरी नियमित कार्य गर्न रोक नलगाएकोले यस बैंकको सञ्चालक समितिको मिति २०७८/११/५ मा बसेको ५१६ औं बैठकले उक्त स्थगित हुन गएको बीसौं बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने गरी बोलाउने निर्णय भएकोले उक्त सभामा सहभागी हुनका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार सम्पूर्ण शेयरधनी महानुभाव एवं सरोकारवालाहरुका लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा हार्दिक अनुरोध गरिन्छ ।

**स्थगित भएको सभा पुन: हुने मिति, समय र स्थान**

**मिति : २०७८ साल फाल्गुण १३ गते शुक्रबार ( तदनुसार २५, फेब्रुअरी, २०२२ )**
**समय : विहान ११ : ०० बजे**
**स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।**

**छलफलका बिषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

(१) अध्यक्षज्यूको मन्तव्य सहित बीसौं वार्षिक साधारण सभा (आ.व.२०७७/०७८) को प्रयोजनका लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीत गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाब एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध वित्तीय बिवरण सहितका अनुसूचीहरु पारीत गर्ने ।
(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ३,३४,२४,०२,७२४/– को १.०५२६ प्रतिशतले हुन आउने नगद लाभांश रु. ३,५१,८३,१८७/- (अक्षरेपी तीन करोड एकाउन्न लाख त्रियासी हजार एकसय सतासी मात्र), (दशमलब पछाडि ४ अंङ्क मात्र उल्लेख गरीएको) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
(४) बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा बृद्धि गर्ने ।
(६) विकास बैंकको नियमावली बमोजिम संस्थापक समूह (क) बाट ३ जना र सर्बसाधारण समूह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्बाचन गर्ने ।
(७) स्वतन्त्र सञ्चालक नियुक्त हुनुभएको जानकारी सम्बन्धमा ।

**(ख) बिशेष प्रस्तावहरु**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ सम्मको संचित मुनाफा रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूँजी रु.३,३४,२४,०२,७२४/– को २० प्रतिशतका दरले हुन आउने रकम रु. ६६,८४,८०,५४५/– (अक्षरेपी छैसट्ठी करोड चौरासी लाख असी हजार पाँच सय पैतालीस) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्ने ।
(२) विकास बैंकको हाल कायम अधिकृत पूँजी रु.४,००,००,००,०००/- (अक्षरेपी चार अर्ब) लाई वृद्धि गरी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब) कायम गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।
(३) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारीत भए अनुसार हुने गरी नियमावलीमा आवश्यक संशोधन गर्ने र बिशेष प्रस्ताव अन्तर्गतको प्रस्ताव नं १ बमोजिमको बोनश शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी बृद्धि गर्न र प्रस्ताव नं २ को अधिकृत पूँजी बृद्धि गर्न पारीत भए अनुसार हुने गरी विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने ।
(४) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**बीसौं बार्षिक साधारण पुनः बस्ने बारेमा सभा सम्बन्धी थप जानकारीहरु**

१) प्रस्तुत साधारण सभा बीसौं बार्षिक साधारण सभामा गणपूरक संख्या नपुगी सभा स्थगित हुन गई सोहि बीसौं बार्षिक साधारण सभाको निरन्तरता रहेको र बीसौं बार्षिक साधारण सभाको प्रयोजनका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/९/१२ गतेसम्म कारोवार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.ब.२०७७/०७८ को बोनश तथा नगद लाभांश पाउने सुनिश्चित गरिएकोमा धितोपत्र सम्बन्धी ऐन, २०६३, साविकको धितोपत्र सूचिकरण विनियमावली, २०५३, हालको धितोपत्र सूचिकरण विनियमावली, २०७५ एवं यस विकास बैंक र नेपाल स्टक एक्सचेन्ज लिमिटेडसँग भएको धितोपत्र सूचिकरण सम्बन्धी सम्झौतामा लेखिएको शर्त अनुसार शेयरधनी दर्ता किताब बन्द (Book Close) मिति साविक सूचनामा लेखिए अनुसारको मिति २०७८/९/१३ गते कायम हुने ब्यहोरा अनुरोध गरिन्छ ।
२) सम्मानीत श्री उच्च अदालत पाटनबाट रिट नं.०७८-WO-०६४६ को रिट निबेदनमा मिति २०७८/१०/३ गते छलफल पेशी तोकि सो अवधिसम्म निर्वाचन कार्यक्रमको बाँकि काम कारवाही नगर्नु भनी मिति २०७८/१०/३ सम्मको लागि मिति २०७८/९/२३ गते अल्पकालिन अन्तरिम आदेश जारी भई बीसौं बार्षिक साधारण सभाको लागि प्रस्तावित सामान्य प्रस्ताव अन्तर्गतको बिषयसूचि नं.६ मा लेखिएको सञ्चालक पदको बाँकि निर्वाचनको कार्यक्रम रोकिएकोमा मिति २०७८/१०/३ मा उक्त अल्पकालिन आदेशले निरन्तरता नपाउने गरी आदेश भएकोले सञ्चालक निर्वाचनको बाँकि कार्यक्रम समेत सुचारु हुने र यस सन्दर्भमा अल्पकालिन अन्तरिम आदेश जारी हुनुअघि नै अर्थात पूर्व प्रकाशीत निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण समूह "ख" को तर्फबाट निर्वाचित हुने तीन जना उम्मेदवार मिति २०७८/९/२१ मा नै निर्विरोध निर्वाचित भई साधारण सभामा घोषणा हुन मात्र बाँकि रहेको तथा संस्थापक समूह "क" को तर्फबाट तीन जना सञ्चालकको निर्वाचन हुनेमा पूर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार चार जनाको अन्तिम उम्मेदवारी कायम रहेकोले सो संस्थापक समूह "क" को बाँकि निर्वाचन कार्यक्रम यसै सभामा कानून अनुरुप हुने ब्यहोरा अनुरोध गरिन्छ ।
३) बीसौं वार्षिक साधारण सभामा गणपुरक संख्या नपुगी स्थगित भएको र सोहि साधारण सभाको निरन्तरता भएकोले बीसौं साधारण सभाको प्रयोजनका लागि तोकिएको समयभित्र अर्थात २०७८/९/२३ गते विहान ११.०० बजेभित्र बैंकमा दर्ता भई सकेका प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिईनेछ । तर त्यसरी प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनीले दर्ता भएको प्रतिनिधिपत्र बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि मुकरर गरी पुन: बोलाईएको सभा शुरु हुनुभन्दा २४ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वत: बदर हुनेछ ।
४) कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको भएमा भने निज स्वयम्ले अन्य प्रोक्सी बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरु स्वत: बदर हुनेछन् । शेयरधनीहरुले एउटै समूहको दुइवटा प्रोक्सी दिन पाइने छैन । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्दछ । कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।
५) स्थगित भई पुन: बोलाईएको सभामा शेयरधनी स्वयं उपस्थित हुन नसक्ने भएमा पुन: बोलाईएको सभामा अर्को शेयरधनीलाई कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धीत ढाँचाको प्रतिनिधि नियुक्त गर्न सकिनेछ र प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, दरवारमार्गमा दर्ता गराउनु पर्नेछ ।
६) कम्पनीको आर्थिक विवरण सहितको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुलाई विकास बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाई सकेको हुदा कुनै कारणवश शेयरधनी महानुभावहरुले समयमा वार्षिक प्रतिवेदन पुस्तिका प्राप्त गर्न नसकेमा यस विकास बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग काठमाडौं वा शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालबाट प्राप्त गर्न सक्नुहुनेछ । कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक बिवरण शेयरधनीको जानकारीका लागि मिति २०७८/९/४ अन्नपूर्ण राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिक २०७८/९/९ मा प्रकाशित गरी सकिएको छ । साथै संक्षिप्त आर्थिक विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु विकास बैंकको वेभसाईट www.mahalaxmibank.com.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।
७) हाल विश्वभर फैलिरहेको कोभिड-१९ को नयाँ भेरियन्टको महामारीका कारण नेपाल सरकारबाट जारी गरीएको स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको पालना गर्दै अनलाइन (Virtual) माध्यमबाट सहभागी हुन सकिने थप सुविधा समेत मिलाईएको छ । यस प्रयोजनका लागि सभामा सहभागी हुन Meeting ID र Password माग गर्ने शेयरधनीलाई सभा शुरु हुनु भन्दा एक घण्टा अगाडिबाट Online Login खुल्ला गरीनेछ र बैंकले उपलब्ध गराएको ID र Password बाट Login गरी सभामा सहभागि हुनु पर्नेछ । यसरी भएको सहभागीतालाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरीनेछ । साथै सभामा आफ्नो लिखित मन्तव्य दिन चाहने शेयरधनीले बैंकको इमेल janak.adhikari@mahalaxmibank.com.np मार्फत पठाउन सकिने व्यवस्था समेत मिलाईएको छ । तर संस्थापक समूह (क) को सञ्चालक निर्वाचन गोप्य मतदानद्धारा हुने भएकाले गोप्य मतदानमा शेयरधनी स्वयम् वा निजको रितपूर्वक नियुक्त प्रतिनिधि सभामा स्वयम् उपस्थित भई मतदान गर्नुपर्नेछ ।
८) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन विहान १०:०० बजेदेखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।
९) सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
१०) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारहरुद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछन् ।
११) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट यस विकास बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भइरहेका महानुभावहरुले सभाको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।
१२) यस विकास बैंकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले वैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी)मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी)मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।
१३) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समुहको सञ्चालकहरुको निर्वाचन सम्बन्धी बाँकि मतदान लगायतका तत् सम्बन्धी कार्यक्रम एवं सर्बसाधारण समुहबाट निर्विरोध निर्वाचित भएका उम्मेदवारको घोषणा समेत पुन: बोलाईएको बार्षिक साधारण सभामा निर्वाचन अधिकृतले जानकारी गराए बमोजिम हुनेछ ।
१४) सञ्चालक पदको निर्वाचन सम्बन्धी बाँकि कार्यहरु विकास बैंकको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका–२०७८ तथा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
१५) साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा विकास बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।
१६) सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला/ब्याग नल्याउनुहुन अनुरोध गरिन्छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला/ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
१७) साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक भएमा विकास बैंकको केन्द्रीय कार्यालयको फोन ४२६८७१९, ४२२३८०८ मा कार्यालय समय भित्र/विकास बैंकको केन्द्रीय कार्यालय अन्नपूर्ण आर्केड–२, दरबारमार्ग, काठमाडौं वा यस विकास बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।

सञ्चालक समितिको निर्णयानुसार
(कम्पनी सचिव)

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८

Find us on facebook /mahalaxmibikasbank/

www.mahalaxmibank.com

सबल बैंक, सफल सहकार्य

size: 8x39